नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय

# वैदेशिक रोजगार विभाग

तीनकुने, काठमाण्डौं ।

## सूचना

मितिः २०८३।०२।१८

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२।१२।१३ को बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी १०० बुँदे कार्यसूचीको बुँदा नं २ सँग सम्बन्धित युवा, श्रम तथा रोजगार मन्त्रालयको १० वटा कार्ययोजना मध्ये **वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने सम्बन्धमा पुनः श्रम स्वीकृति (Re-entry) लाई पूर्ण रुपमा स्वचालित बनाउने** योजना बमोजिम यस अघि श्रम स्वीकृती लिई वैदेशिक रोजगारीमा गएका व्यक्तिहरुले सोही देश तथा कम्पनीको लागि पुनः श्रम स्वीकृति (Re-entry) आवेदन गरेमा देहायका शर्तहरु पुरा भएको अवस्थामा स्वःचालित प्रणाली मार्फत पुनः श्रम स्वीकृति (Re-entry) प्रदान गरिने व्यहोरा नेपाल सरकार (मा.मन्त्रीस्तर) को मिति २०८३।०२।०३ को निर्णयानुसार सबैको जानकारीको लागि अनुरोध छ। पुनः श्रम स्वीकृतिको लागि आवेदन गर्दा देहायको शर्तहरु पालना गर्नु पर्नेछ। FEIMS प्रणालीमा विवरण गलत भरी वा तोकिएको कागजात पेश नगरी पुनः श्रम स्वीकृति (Re-entry) आवेदन गर्दा श्रम स्वीकृतिमा कुनै त्रुटि भएमा सेवाग्राही स्वयम्ले जिम्मेवारी तथा दायित्व बहन गर्नुपर्ने व्यहोरा समेत सबैको जानकारीको लागि अनुरोध छ।

<u>स्वःचालित पुनः श्रम स्वीकृति (Automated Re-entry) का शर्तहरु</u>

- श्रम स्वीकृति आवेदन गर्दा यस अघि श्रम स्वीकृति प्राप्त गरेकै देश तथा कम्पनीको लागि पुनः श्रम स्वीकृति आवेदन गरेको हुनुपर्ने ।
- कम्तीमा ३ महिना अवधि भएको राहदानी हुनुपर्ने ।
- भिषा बैध (Valid Visa) हुनुपर्ने ।
- कम्पनीसंग करार सम्झौता गरेको हुनुपर्ने ।
- सामाजिक सुरक्षा कोषमा रकम जम्मा गरेको हुनुपर्ने ।
- बैदेशिक रोजगार कल्याणकारी कोषमा रकम जम्मा गरेको हुनुपर्ने ।
- आवधिक जीवन विमा गरेको हुनुपर्ने ।
- बैध भिषा तथा करार सम्झौता लगायतको विषयमा वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (FEIMS) मा रहेको स्वःघोषणा गर्नुपर्ने ।

.............................
(शाखा अधिकृत)

Contact: Website: www.dofe.gov.np, Email : info@dofe.gov.np, ☎ 01-4792616, 01-4792671, Fax: 01-4792606